नेपाल सरकार
# कृषि तथा पशुपन्छी विकास मन्त्रालय
(कर्मचारी प्रशासन शाखा)

फोन नं. ४२११६३५, ४२११८०८, ४२११९३२, ४२११६६५, ४२११६८७, ४२११९१५
फ्याक्स : ४२११९३५
सिंहदरवार, काठमाण्डौं
नेपाल

पत्र संख्या : क.प्र.(बोर्ड/संस्थान/ छात्रवृत्ति)०८२/८३
च.नं. : ७६९

मितिः २०८२।११।२५
नेपाल संवत्: ११४६

बिषयः सेवाकालिन प्रशिक्षण कार्यक्रममा सहभागी हुन आवेदन पेश गर्ने सम्बन्धी सूचना ।

नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान, जावलाखेलको च.नं. ४६६/२०८२/०८३, मिति २०८२।११।१४ को पत्र यसैसाथ संलग्न छ। उक्त पत्रबाट नेपाल सरकार र सार्वजनिक निकायहरुमा कार्यरत **अधिकृत द्वितीय श्रेणी वा सो सरहका अधिकृतहरुका लागि Advanced Course on Management and Development (ACMD)** र अधिकृत तृतीय श्रेणी वा सो सरहका अधिकृतहरुका लागि **Professional Course on Management and Development (PCMD)** विषयक प्रशिक्षण कार्यक्रममा सहभागिताको लागि कर्मचारीहरुको मनोनयन गरी पठाउन अनुरोध भई आएको हुँदा यस मन्त्रालय र अन्तर्गतका निकायमा कार्यरत सेवाकालिन तालिम नलिएका र तोकिएको योग्यता पुगेका इच्छुक राजपत्राङ्कित द्वितीय र तृतीय श्रेणीका कर्मचारीहरुले यस मन्त्रालयको कर्मचारी प्रशासन शाखा (बोर्ड/संस्थान/ छात्रवृत्ति) वा ईमेल ठेगाना agriadmin@moald.gov.np मा मिति २०८२।११।२८ गते भित्र अद्यावधिक PIS विवरण सहित तपसिल बमोजिमको ढाँचामा आवेदन दिनुहुन अनुरोध छ ।

तपसिल

| कर्मचारीको नाम थर /क.सं.नं. | श्रेणी/पद | सेवा/समूह | हालको पदमा नियुक्ति मिति | हाल कार्यरत कार्यालय | सहभागी हुन चाहेको समूह/ सुरु हुने मिति | सम्पर्क नं/ ईमेल ठेगाना |
|---|---|---|---|---|---|---|
| | | | | | | |

(मेघराज पन्त)
उपसचिव

# नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान
# Nepal Administrative Staff College
*"...devoted to making differences positively."*

मिति: २०८२/११/१४

प.सं.२६-CIST/PSTD

च.नं. ४६६/२०८२/०८३

श्री कृषि तथा पशुपन्छी विकास मन्त्रालय,
सिंहदरबार, काठमाडौं।

**विषयः सेवाकालीन प्रशिक्षण कार्यक्रममा सहभागी मनोनयन सम्बन्धमा ।**

नेपाल सरकार र सार्वजनिक निकायहरुमा कार्यरत अधिकृतहरुको क्षमता विकास गर्ने उद्देश्यका साथ यस प्रतिष्ठानले **अधिकृत द्वितीय श्रेणी वा सो सरहका अधिकृतहरूका लागि Advanced Course on Management and Development (ACMD)** तथा अधिकृत तृतीय श्रेणी वा सो सरहका अधिकृतहरूका लागि **Professional Course on Management and Development (PCMD)** सेवाकालीन प्रशिक्षण कार्यक्रम सञ्चालन गर्दछ । आ.व. २०८१/८२ को वार्षिक कार्यतालिका अनुरुप तपसील बमोजिमका प्रशिक्षण कार्यक्रममा सहभागीताका लागि नामावली सचिव/विशिष्ट श्रेणीको अधिकृतस्तरबाट मनोनयन गराई सो **मनोनयन पत्र** **(मनोनित कर्मचारीको फोन नम्बर, इमेल ठेगाना र नियुक्ति मिति सहित)** **मिति २०८२/११/२८ गतेसम्म इमेल ठेगाना** inservice@nasc.org.np र inservicenasc@gmail.com मा पठाईदिनुहुन अनुरोध गर्दछु ।

| कार्यक्रम | संख्या | कार्यक्रम मिति |
|---|---|---|
| ACMD ५ | १ जना | २०८२/१२/१० देखि ४० कार्यदिने |
| PCMD 9 | १ जना | २०८२/१२/११ देखि ३२ कार्यदिने |
| PCMD 10 | १जना | २०८२/१२/१६ देखि ३२ कार्यदिने |
| ACMD: श्री एन्तोभ्ना ज्ञवाली (९८५७०४४५०३) | | https://forms.gle/aE1fusF9erN6HZBy8 |
| PCMD: श्री आश्मा बिडारी (९८४३०८६७३३) | | https://forms.gle/9u4Fxbu5FVG9mZov6 |

**मनोनयनका आधारहरु र सम्बन्धित व्यवस्थाः**

- अधिकृत द्वितीय श्रेणीको कर्मचारीको हालको तह/श्रेणीमा २०८१ असार मसान्तसम्म न्यूनतम २ वर्ष र अधिकृत तृतीय श्रेणीको हकमा २०८१ असार मसान्तसम्म न्यूनतम ३ वर्ष सेवा अवधि पुरा भएको हुनुपर्नेछ।
- हालको तह/श्रेणीमा ३० कार्यदिन वा सोभन्दा बढी अवधिको सेवाकालीन तालिम लिईसकेका कर्मचारीहरु मनोनयनका लागि योग्य हुने छैनन्।
- मनोनयन गर्दा तालिकामा उल्लेख भए बमोजिमको कुन समूहमा सहभागी हुने हो सो स्पष्ट खुलाई पठाउनुपर्नेछ ।
- मनोनयन स्वीकृतिको अधिकार सम्पूर्ण रुपमा प्रतिष्ठानमा निहित रहनेछ। मनोनयन स्वीकृतिको जानकारी पछि गराइनेछ।
- मनोनित कर्मचारीहरुको नामावली संग्लन पत्र प्रतिष्ठानको ईमेल inservice@nasc.org.np र inservicenasc@gmail.com मा पठाउनु पर्नेछ।
- मनोनित कर्मचारीहरुले **ACMD** का लागि https://forms.gle/aE1fusF9erN6HZBy8 र **PCMD** का लागि https://forms.gle/9u4Fxbu5FVG9mZov6 मार्फत **registration** गर्नु पर्नेछ।

.................................
एन्तोभ्ना ज्ञवाली
प्रशिक्षण तथा अनुसन्धान अधिकृत